# विनयी त्रिवेणी गाउँपालिकाको कृषि विधुत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८२

विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

विनयी त्रिवेणी गाउँपालिकाको कृषि विधुत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२८

प्रस्तावनाः

गाउँपालिकाको भौगोलिक क्षेत्र भित्रका खेती योग्य जमीनमा बाहै मास सिंचाईको सुनिश्चितता प्रदान गर्दै वर्षमा तीन बाली उत्पादन हुने अवस्थाको सृजना गरी कम लागतमा कृषकहरुको आम्दानी वृद्धि गर्न कृषकहरुलाई निःशुल्क सिंचाईको व्यवस्था गर्ने गाउँपालिकाको नीति रहेको छ।कृषकहरुलाई निःशुल्क सिंचाईको व्यवस्था गर्ने गाउँपालिकाको नीति अनुरुप अनुरुप विनयी त्रिवेणी गाउँपालिकाको नीतिगत विकास कार्यक्रम अन्तर्गत विधुतीय मोटरबाट सिंचाई गर्ने कृषकहरुलाई कृषि विधुत महशुलमा अनुदान दिने सम्वन्धी कार्यक्रम संचालन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा २ र विनयी त्रिवेणी गाउँपालिकाको कार्यविधि (नियमित गर्न) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विनयी त्रिवेणी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "विनयी त्रिवेणी गाउँपालिकाको कृषि विधुत महशुलमा अनुदान भुक्तानी दिने सम्वन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरे पछि लागू हुनेछ ।

१.२ परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले विनयी त्रिवेणी गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले विनयी त्रिवेणी गाउँकार्यपालिका सम्झनु पर्छ ।

ग) "अध्यक्ष" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

घ) "उत्पादन" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको उत्पादन सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

च) "कार्यविधि" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको कृषि विधुत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ ।

छ) "शाखा" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनुपर्छ ।

ज) "बाली" भन्नाले धान, गहु, मकै, उखु, दलहन, तेलहन, तरकारी, मसला, फलफुल, माछापालन लगाएतका अन्य सबै प्रकारका कृषि बालीहरुलाई सम्झनुपर्छ ।

झ) "कृषि" भन्नाले खाद्यन्न बाली, बागबानी जन्य : फलफुल, तरकारी, मसला बाली, पुष्प, घाँसे बाली, दलहन, तेलहन बाली, कपास, जुट, उखु, माछापालनलाई सम्झनुपर्छ ।

ञ) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक कृषि खेती गर्ने वा माछा पालन गर्ने कृषक वा किसान, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायी, कृषि फर्म समेतलाई सम्झनुपर्छ ।

ट) "विद्युत महशुल" भन्नाले कृषि विद्युत मिटर बमोजिम विद्युत खपत भएकोमा लाग्ने महसुल वापत तिर्नुपर्ने चार्ज रकमलाई सम्झनुपर्छ ।

ठ) "कार्यक्रम" भन्नाले कृषि विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्वन्धी कार्यक्रम सम्झनु पर्छ।

<u>१.३ कार्यक्रम सञ्चालनको उद्देश्य :-</u> यस कार्यक्रम सञ्चालनको उद्देश्य देहाय अनुसार हुनेछ ।

क) कृषकहरुलाई सिंचाईका लागि कृषि विद्युत मिटर जडान गर्न प्रोत्साहित गर्ने ।

ख) कृषि बालीको लागि आवश्यक सिंचाई व्यवस्थापनमा सहयोग पुर्याउने ।

ग) कृषि व्यवसायमा आर्कषण बढाउने र बाह्रै महिना सिंचाईको सुनिश्चितताको लागि सहयोग पुर्याउने ।

घ) कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ङ) कृषिमा लागत घटाउने ।

च) कृषकको आय वृद्धि मार्फत कृषकको जीवनस्तर सुधार ल्याउने ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

<u>२.१ कार्यक्रम कार्यान्वयन</u> : यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछ ।

क) यस कार्यक्रम संचालनको लागि गाउँपालिकामा कृषि शाखालाई जिम्मेवारी दिइनेछ ।

ख) कृषकहरुले कृषि विद्युत मिटरमा उठेको विद्युत महशुलको अनुदानका लागि अनुसूची १ बमोजिमको ढाँचामा कृषि शाखामा आवश्यक कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

ग) कृषकहरुले अनुदान माग गर्दा चालु आ.व भित्र कृषि विद्युत महशुल उठेको बिल गाउँपालिकाको सूचना

बमोजिमको समयावधिमा कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

घ) कृषि विद्युत मिटर बमोजिम खपत गरेको विद्युत यूनिटको आधारमा जरिवाना बाहेकको महशुल सतप्रतिशत १००%, अनुदान मासिक रुपमा सम्बन्धित कार्यालय (विद्युत प्राधिकरण) लाई एकमुष्ट उपलब्ध गराइनेछ ।तर असार महिनाको बिल अर्को आर्थिक वर्षमा भुक्तानी गर्न सकिनेछ ।

ङ) चालु आ. व. भन्दा पहिलेनै कृषि विद्युत मिटर जडान गरि सकेका कृषकहरुले समेत विद्युत महशुलमा आ.व.२०८२/०८३ देखी अनुदान माग गर्न सक्नेछन्।

च) गाउँपालिका तथा कृषि विकास शाखाले कृषि विद्युत महशुलमा अनुदान माग गर्ने कृषकहरुले जडान गरेको कृषि विद्युत मिटर र खपतको अवस्थाको अनुगमन गर्न सक्नेछ ।

<u>२.२ भुक्तानी प्रक्रिया</u> : भुक्तानीको लागि कृषि मिटर ग्राहकले मिटर रिडीङ्गको रसिदको प्रति संलग्न गरी गाउँपालिका कार्यालयको कृषि विकास शाखामा भुक्तानीको लागि सिफारिस गरिदिनुहुन भनी निवेदन पेस गर्नु पर्नेछ र रिडीङ्ग बील सिंचाई कार्यमा नै प्रयोग भएको हो भनि स्व-घोषणा सहितको निवेदन पेश गर्नुपर्छ ।अन्य प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले कृषि विद्युत महशुल अनुदान माग गरी निवेदन पेश गरे अनुसारको अनुदान वापतको रकम विनियोजित बजेट शीर्षक भित्र रही भुक्तानी दिईनेछ ।

ख) चालु आ.व.मा खपत भएको विद्युत महशुलमा अनुदान भुक्तानी गरिनेछ ।

ग) कृषि विद्युत महशुलमा अनुदान भुक्तानी गर्दा नेपाल विद्युत प्रधिकरणलाई जरिवाना तिरेको रकम बाहेकको रकममा मात्र भुक्तानी गरिनेछ ।

घ) कृषि विद्युत महशुलमा अनुदान रकम पाउने कृषकले सो मिटरमा विनयी त्रिवेणी गाउँपालिकावाट १००% विद्युत महशुल अनुदान प्राप्त गरिएको भनी पम्प हाउस वा मिटर बक्समा लेखुपर्नेछ ।

घनश्याम गिरी
अध्यक्ष

परिच्छेद-३

अनुगमन तथा मूल्यांकन

३.१ यस कार्यविधि अनुसार संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय अनुसार हुनेछ ।
क) कृषि विधुत महसुलमा अनुदान भुक्तानी दिने सम्वन्धी कार्यक्रमको प्रभावकारीताको अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

तपसिल

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. कार्यपालिका सदस्य मध्येवाट तोकेको १ जना | सदस्य |
| घ. पूर्वाधार शाखा प्रमुख | सदस्य |
| ङ. योजना शाखा प्रमुख | सदस्य |
| च. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| छ. कृषि विकास शाखा प्रमुख | सदस्य- सचिव |

३.२ कार्यक्रमको फिल्ड अनुगमन तथा बैठक व्यवस्थापन आदि कार्यहरुको लागि आवश्यक बजेट गाउँ कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

परिच्छेद-४

विविध

४.१ दोहोरो सुविधा लिन नपाउने :- प्रस्तावित अनुदान कार्यक्रमको लागि अन्य कुनै निकाय वा संस्था वा बैंकवाट सोहि प्रयोजनका निमित्त अनुदान प्राप्त गरेको पाईएमा यस कार्यक्रममा समावेश हुन पाउने छैन वा दाहोरो सुविधा लिन पाउने छैन । यस विपरित हुने गरि कुनै अनुदान लिएको पाईएमा त्यस्तो दोहोरो परेको बराबर रकम असुल उपर गरिनेछ र सम्वन्धित कृषि विधुत महसुल अनुदान दुई वर्षसम्म सुविधा लिनबाट वञ्चित गरिनेछ ।

४.२ कानुन वमोजिम हुने यस कार्यविधिमा उल्लेख भएका वाहेक अन्य यस संग सम्वन्धित विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४.३ यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

दफा २.१ को खण्ड (ख) संग सम्वन्धीत

कृषि विद्युत महशुल अनुदान माग गर्ने निवेदनको ढाँचा

मिति....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विनयी त्रिवेणी गाउँपालिका,
दुम्किबास, नवलपरासी(ब.सु.पू.) ।

विषयः कृषि विद्युत महशुल भुक्तानी गरिदिने बारे ।

महोदय,

प्रस्तुत विषयमा विनयी त्रिवेणी गाउँपालिकावाट मिति २०८.../....../...... मा सूचना भए अनुसार "कृषि विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्वन्धी कार्यविधि, २०८२ को दफा २.१ को खण्ड (ख) र (ग) वमोजिम मिति..................... ग्राहक नं ....... को कृषि विद्युत मिटरमा उठेको महशुल जम्मा रकम रु............................ । (अक्षरेपी.................................. ) बराबर अनुदान रकम नेपाल विद्युत प्राधिकरण शाखामा भुक्तानी गरिदिनुहुन अनुरोध गर्दछु ।

संलगन कागजातहरुः

१. कृषि मिटर ग्राहकको नागरिकताको छायाँ प्रति १ थान
२. जग्गा धनी प्रमाणपत्र पुर्जाको छायाँ प्रति १ थान
३. मिटर रिडीङ्ग रसिद सक्कल
४. गाउँपालिकावाट विधुत अनुदान प्राप्त भनी पम्पहाउस वा मिटर बक्समा लेखिएको फोटो १ प्रति

निवेदकको
हस्ताक्षरः
नामः
ठेगानाः
समुह भए छाँपः

मिति २०८२/०९/२८ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको यो कार्यविधि प्रमाणीकरण गर्दछु।

घनश्याम गिरी

अध्यक्ष

मिति २०८२/०९/२८